"सामाजिक आर्थिक रुपान्तरण र सुशासनको अभियानमा,
स्वस्थ, उत्पादनशील दिगो विकासमा अग्रसर हाम्रो अर्नमा"

# अर्नमा गाउँपालिकाको अध्यक्ष श्री ठकु महतो कोइरीज्युले अर्नमा गाउँपालिकाको पाँचौं गाउँ सभामा पेश गर्नु भएको नीति तथा कार्यक्रम

## अर्नमा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## अर्नमा, सिरहा

प्रदेश नं.२, नेपाल

## २०७८ अषाढ १० गते

अर्नमा गाउँपालिकाको सम्मानित पाँचौं गाउँ सभाको नीति तथा कार्यक्रम समारोहमा पाल्नुभएका,

सभा सदस्यको रुपमा यस अर्नमा गाउँपालिकाको उपाध्यक्षज्यु,

प्रमुख प्रशासकीय अधिकृतज्यु,

वडा अध्यक्षज्युहरु ,

कार्यपालिका सदस्यज्युहरु,

वडा सदस्यज्युहरु,

अर्नमा गाउँपालिकाका उपस्थित सम्पूर्ण शाखा प्रमुख, अस्पताल प्रमुख, प्र.अ.ज्युहरु, गा.पा.का कर्मचारीहरु, स्वास्थ चौकीका इन्चार्जहरु, सुरक्षा कर्मीहरु, पत्रकार जयूहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरुमा अर्नमा गाउँपालिका र म आफ्नो तर्फबाट यहाँहरु सवैलाई हार्दिक नमस्कार गर्न चाहन्छु ।

सर्वप्रथम सम्मानित गाउँपालिकाको पाँचौं गाउँसभामा आ.व.२०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न यस गरिमामय सभामा यहाँहरु माझ उभिई रहँदा प्रजान्त्र, लोकतन्त्र, गणतन्त्रको प्राप्ति र त्यसैको जगमा समृद्ध राष्ट्र जन आन्दोलन तथा विभिन्न आन्दोलनका क्रममा जीवन आहूती गर्ने ती महान ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्न चाहन्छु ।

तीन तहका सरकार मध्ये यस गरिमामय सभामा उपस्थित यस अर्नमा गाउँपालिकाको सम्पूर्ण सभा सदस्यज्यु, गाउँपालिकाका उपस्थित कर्मचारी साथीहरुलगायत सवै महानुभावहरुलाई गाउँपालिकाको तर्फबाट हार्दिक सम्मान एवं स्वागत गर्न चाहन्छु ।

जनताका सवैभन्दा नजिकको सरकार स्थानीय सरकार भएको, स्थानीय स्तरका जनताको अधिकतम हितलाई सम्बोधन गर्दै प्रजातन्त्र सुदृढीकरण गर्ने, लोकतन्त्रका लाभहरुको वितरण गर्दै सशक्तिकरण गर्ने, समावेशीकरण मार्फत मुल प्रवाहीकरण गर्ने, स्थानीय शासनको वैधता स्थापित गर्दै समावेशी विकास मार्फत दिगो विकासका लक्ष्य प्राप्त गर्नु नै आजको लक्ष्य तथा चुनौती दुवै हो । वास्तवमा स्थानीय सरकारहरु जनप्रतिनिधीमूलक संस्थाहरु हुन् । आपसी सहयोग, सहमति, सद्भभाव र सहकार्यका माध्यमवाट गाउँपालिका विविध गतिविधि सञ्चालन गर्ने निर्दिष्ट नीति अनुरुप गाउँपालिका स्थित सभा सदस्यहरुवाट निरन्तर रुपमा प्राप्त सल्लाह, सुझाव, मार्गदर्शन र सहयोग प्रति म यस शुभ अवसरमा अत्यन्तै हार्दिकतापूर्वक धन्यवाद दिन चाहन्छु । भविष्यमा पनि यस्तै प्रकारको सहयोग प्राप्त हुनेछ भन्ने विश्वास यस सम्मानित सभा समक्ष व्यक्त गर्न चाहन्छु ।

विद्यमान परिवेश

गाउँपालिका समृद्धि र विकास तर्फ अगाडी बढीरहेको समयमा विश्वव्यापी कोभिड-१९ को दोश्रो लहरले सिर्जना गरेको चुनौतीपूर्ण र असहज परिस्थितिका वावजुद अर्नमा गाउँपालिका पाँचौं गाउँसभामा अगामी आ.व.२०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु।

अर्नमा गाउँपालिका आजको दिन सम्म ५४ जना संक्रमित र ४ जनाको मृत्यु समेत भइसकेको दुःखद वृतान्त हामी सवैको सामुने छ । यस अवधिमा संक्रमित रहने अर्नमा वासी तथा कर्मचारीहरुलाई शिघ्र स्वास्थ्य लाभको कामनाका साथै मृतक परिवारलाई हार्दिक श्रद्धान्जी व्यक्त गर्न चाहन्छु ।

विद्यमान नेपालको राजनीतिक उत्तारचढावको प्रभावबाट अर्नमा पनि अछुतो रहन सकेन । गाउँपालिका भित्रै पनि विभिन्न गुट उपगुट निर्माण भई विकासको विभिन्न चरणमा अवरोधको सामना गर्नु परेको तितो सत्य सबैको सामुने छ ।

आर्थिक सामाजिक रुपमा पछाडी देखिएका यस गाउँपालिकामा आर्थिक सामाजिक रुपान्तरण गर्ने चुनौती स्वीकार गर्दै अगाडी बढेको छु । कार्य गर्ने वातावरण, कार्य स्थल, पर्याप्त भवन अभाव, प्रतिकुल मौसम, दक्ष कर्मचारीको अभाव, जस्ता अनेकौं बाधा अड्चनका विच बिकाश र जनताको सेवा प्रवाहमा प्रभावकारीता ल्याउने प्रयास गरेको छु ।

प्रशासनीक भवन निर्माणलाई प्राथमिकतामा राखी द्रुत गतिमा कार्य बढाईएको छ । कोभिड-१९ को दोस्रो लहर जोखिम न्यूनिकरण गर्न कोभिड अस्पताल सञ्चालनमा ल्याईएको छ । विकासात्मक कार्यमा ढिलाई गर्ने पारीपाटी तोड्न भएको प्रयास पूर्ण सफल नभएपनि अगामी आ.व.मा सफल हुने विश्वास लिएको छु ।

गाउँपालिका प्रवेश गर्ने मुख्य सडकहरु निर्माणाधिन अवस्थामा रहनु र मौसममा प्रातिकूलताको कारण बाटो अवरुद्ध भएको छ । यस अवस्थामा विकासात्मक गतिविधीमा थप चुनौती थपिएको छ ।

राजनीतिक उत्तारचढाव, दक्ष जनशक्तिको अभाव, सिमित श्रोत साधन, संक्रमनकालीन कानून, सडक सञ्जालको देखिएको अवरोधहरु, विश्वव्यापी महामारीका कारण सोचे जस्तो गतिमा अघि बढ्न धेरै चुनौतीहरु देखा परेका छन् । तथापी आम जनतासँग गरेको वचनबद्धता प्रति सदैव प्रतिबद्ध रहने छु भन्ने विश्वास दिलाउन चाहन्छु ।

__नीति कार्यक्रम तर्जुमाका आधारहरु:__

अब म अर्नमा गाउँपालिकाले आ.व.२०७८/०७९ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका आधारहरु प्रस्तुत गर्दछु ।

- नेपालको संविधानका प्रस्तावना, मौलिक हक, राज्यका नीतिहरु, स्थानीय आर्थिक कार्य प्रणाली एवं एकल तथा साझा अधिकार सूची,
- संघीय सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
- संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तिय नीतिहरु,
- प्रदेश सरकारे लिएका आर्थिक एवं वित्तिय नीतिहरु,
- स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु,
- नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताहरु,
- स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य कानूनी प्रावधानहरु,
- स्थानीय तहका क्षेत्रगत नीति, रणनीतिहरु, योजना तथा अध्ययन प्रतिवेदनहरु,
- विकासका समसामयिक मुद्धाहरु:कोभिड-१९ रोकथाम, नियन्त्रण तथा उपचार, सामाजिक संरक्षण, दिगो विकास लक्ष्य, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, पोषण सुरक्षा, लैङ्गिक समानता तथा सामाजिक समावेसिकरण, बालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, खुला दिसामुक्त तथा पूर्ण सरसफाई, उर्जा संकट लगायतका अन्तर सम्बन्धित विषयहरु,
- मध्यमकालिन खर्च संग्रचनाले निर्देश गरेको कर्येक्रमहरू

- निर्वाचनको क्रममा जारी गरिएको निर्वाचन घोषाणापत्रहरु,
- अर्नमा गाउँपालिकाले आवश्यक ठानेका विषयहरु ।

<u>हाल सम्मको प्रमुख उपलब्धीहरु:</u>

१. प्रशासनीक भवन अगामी आ.व.मा सम्पन्न हुने अवस्था सिर्जना भएको छ।
२. कोभिड अस्पताल सञ्चालनमा आएको छ ।
३. १५ शैयाको अस्पताल टेन्डर प्रक्रिया अगाडी बढेको छ ।
४. जनशक्ति व्यवस्थापनको कार्यमा प्रगति भएको छ ।
५. पर्यटकीय स्थलको लागि पोखरीमा सौन्दर्यकरणका सम्भाव्यता अध्ययन भएको छ ।
६. विद्यालयमा पूर्वाधार विकास निर्माणका सुनिश्चितता भएको छ ।
७. सिंचाईका लागि बोंडिङ्ग जडान भएको छ ।
८. लैङ्गिक समानता सामाजिक समावेशिकरण कार्यक्रम मार्फत सशक्तिकरणमा उल्लेख्य टेवा पुगेको छ ।
९. सार्वजनिक सेवाप्रवाह जनमैत्री तथा जनता को नजिक रहेर सेवा गर्ने संस्कारको विकाश भएको छ ।

अब म अर्नमा गाउँपालिकाले आ.व.२०७८/०७९ को नीति तथा कार्यक्रम तर्जुमाका प्राथमिकताहरु उल्लेख गर्न चाहन्छु ।

- सामाजिक विकास (स्वास्थ्य र शिक्षा)
- भौतिक पूर्वाधर र आर्थिक विकास
- उद्यमशिलताको विकास र रोजगारी सिर्जना
- नीतिगत, कानूनी एवं संरचनागत विकास
- सार्वजनिक सेवा प्रवाहमा सुधार र सार्वजिनक खर्चमा वित्तिय अनुशासन तथा पारदर्शिता
- बालबालिकाको हित संरक्षण एवम् महिला सशक्तिकरण र क्षमता विकास
- ऐतिहासिक एवं धार्मिक सांस्कृतिक धरोहरहरुको संरक्षण र प्रवर्द्धन
- सरसफाई र वातावरणीय स्वच्छता अभिवृद्धि
- वन वातावरण तथा विपद् व्यवस्थापन
- अन्य सरकारी निकाय, गैर सरकारी संघ संस्थाहरुसँग समन्वय र सहकार्य ।

उपस्थित गाउँ सभाका सदस्यज्यूहरु,

सहभागितामूलक योजना तर्जुमा पद्धती अन्तर्गत विकासका आवश्यकता पहिचान देखि कार्यान्वयन, अनुगमन, मूल्याङ्कन,समेतको हरेक प्रक्रिया तथा तहमा सरोकारवाला वर्गहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै अपनत्व सृजना गर्ने र यसै मार्फत विकास कार्यलाई सन्तुलित एवं समावेशी तथा दिगो बनाउने अवधारणा अनुरुप वडा नागरिक मञ्च, वडावासी एवम् सरोकारवालाको व्यापक सहभागितामा वडा

स्तरीय योजना तर्जुमा गोष्ठी, विषयगत समिति एवं एकीकृत योजना तर्जुमा गोष्ठीमा सम्बद्ध सबै सँग व्यापक अन्तरक्रिया र छलफल गरी प्राप्त सुझावहरुलाई समावेश गर्दै आर्थिक वर्ष २०७८/०७९ को क्षेत्रगत् नीतिहरु यहाँहरु समक्ष प्रस्तुत गर्दछु ।

१.सामाजिक विकाश तर्फ

क. स्वास्थ्य

- संघीय सरकार, प्रदेश सरकार समेतको सहयोगमा कोभिड-१९(कोरोना भाइरस) रोकथाम, नियन्त्रण र उपचारका लागि स्वास्थ्य सुरक्षा सामग्रीको व्यवस्थापन सहित स्वास्थ्य संस्थाहरुको सुदृढीकरणका विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- निःशुल्क आधारभुत स्वास्थ्य सेवालाई प्रभावकारी र सुदृढ बनाउन स्वास्थ्य संस्थामा जनशक्ति, उपकरण तथा औषधीको उपलब्धता सुनिश्चित गरिनेछ ।
- समय समयमा निःशुल्क स्वास्थ्य सिविर सञ्चालन गरिनेछ ।
- विद्यमान स्वास्थ्य केन्द्रको स्तरोन्नतिमा जोड दिइने छ । स्वास्थ्य क्षेत्र सुधार अभियान अन्तर्गत संस्थागत सुधार र क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- बहुक्षेत्रीय पोषण योजनालाई कार्यान्वयन गरिनेछ ।
- महामारी रोगहरुको नियन्त्रणका लागि आवश्यक योजना र संयन्त्रको निर्माण गरिने छ ।
- आयुर्वेदिक, होमियोपेथिक स्वास्थ्य केन्द्र स्थापना गर्न पहल गरिने छ ।
- पूर्ण खोप सुनिश्चितता गरिने छ ।
- स्वास्थ्य स्वयम् सेविकाहरुलाई विगतमा दिंदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिइने छ ।
- कोभिड अस्पताललाई विस्तार गरिनेछ ।
- १५ शैयाको आधुनिक आधाभूत अस्पताल निर्माण गरिने छ ।
- विशेषज्ञ सहितको स्वास्थ्य सेवामा सवैको पहुँच सुनिश्चिता गरिनेछ ।

ख. शिक्षा तर्फ

- विद्यालय छाड्ने तथा दोहरिने प्रक्रियामा न्यूनिकरण गरि १०० प्रातिशत विधार्थी भर्ना गराई आधारभुत तहको शिक्षा अनिर्वाय र निःशुल्क हुने कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गरिनेछ।
- सीप मुलक तथा प्रविधिमैत्रि शैक्षणिक कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।
- साक्षरता कार्यक्रमलाई अभियानको रुपमा संचालन गरि साक्षर गाउँपालिका घोषणा गरिनेछ।
- स्थानिय स्तरको शिक्षा ऐन,नियमावलि ,शिक्षा नीति , कार्यविधि निर्माण तथा गाउँ शिक्षा नियमावलि-२०७४लाई सरोकारवाला संग छलफल गरि आवश्यक संशोधन प्रक्रिया अगाडी बढाइनेछ ।
- समता र समानतामुलक प्रक्रिया अपनाई विधालयमा गुणस्तरीय शिक्षाका लागि कार्यक्रम कार्यन्वयनमा जोड दिइनेछ।
- मातृभाषामा स्थानिय पाठयक्रम निर्माण तथा कार्यन्वयनमा जोड दिइनेछ।
- विद्यालयमा अध्ययनरत छात्राहरुको लागि सेनेटरी प्याडको उपलब्धतामा जोड दिइनेछ।

- विधालय स्तरीय शिक्षा लाई प्रविधिमुलक वनाउन शिक्षा संग सरोकार राख्ने विभिन्न पक्षहरु शिक्षक, प्र.अ., अभिभावक तथा जनप्रतिनिधिहरुलाई सीपमुलक अभिमुखिकरणका साथै सघन कार्यक्रमहरुको संचालन, निरीक्षण तथा व्यवहारिकरुपमा प्रयोगलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याइनेछ।
- विभिन्न संघ,संस्था तथा शिक्षा संग सरोकार राख्ने विभिन्न पक्षहरु बीच छलफल,अन्तरक्रिया तथा सझेदारी अपनाई साक्षर गाउँपालिका लागि प्रौढ कक्षा, Each one Teach one का साथै मा.वि.स्तरका विधार्थीहरुलाई परिचालन गरि कार्यक्रम संचालन गरिनेछ।
- अपाङ्ग मैत्री ,छात्र,छात्रा,दलितका साथै सबै वर्गको सहभागिताका विभिन्न कार्यक्रमहरु हाजरीजवाफ,लेखन सीप, वकतृत्वकला, खेलकुद,नृत्य जस्ता क्रियाकलाप समता तथा समानतापुर्वक संचालन गरिनेछ।
- यस गाउँपालिका भित्र बेटी बचाउ बेटी पढाय अभियान अन्तर्गत दलित छात्रालले SEE मा कम्तीमा B Grade मा उत्तिर्ण भएमा उच्च शिक्षा अध्ययनको लागि भर्ना पश्चात ५०००।– (पाँच हाजर) का दरले प्रोत्साहन दिनको गाउँपालिका अध्यक्ष अक्षय कोष स्थापना गरि सो कोषबाट भुक्तानी दिनेछ ।

ग. खानेपानी तथा सरसफाई तर्फः

- सवै गाउँवासीलाई आधारभुत खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउन खानेपानी, सरसफाई सम्वन्धि नीति तथा कार्ययोजना तर्जुमा गरिनेछ ।
- प्रदेशवाट सञ्चालित मुख्यमन्त्री स्वच्छता अभियान र यस पालिकाबाट सञ्चालन गरिने खानेपानी, सरसफाई र स्वच्छता कार्यक्रमलाई साझा अभियानको रुपमा विकास गरी व्यक्तिहरुको स्वास्थ्य, मान, प्रतिष्ठा र इज्जतको सवालसँग जोडी कम लागतमा बढी नतिजा आउने कार्यक्रम सञ्चालन गरिने छ । यसका लागि पालिकाको १० वर्षिय खानेपानी, सरसफाई र स्वच्छता योजना (WASH Plan) तयार गरि सवै सरोकारवालाहरु र विकास साझेदारी संस्थाहरुलाई यसै योजनको लक्ष्य पूरा गर्न एकद्धार प्रणालीबाट कार्यक्रम सञ्चालन गरिने छ ।
- दिगो विकास र नेपाल सरकारको विकास लक्ष्यलाई पूरा गर्नका लागि खानेपानी सुविधामा पहुँच नभएका जनताहरुको पहिचान गरी खानेपानी सुविधाहरु निर्माण गर्ने, पानी सुरक्षा योजनाहरु लागू गर्ने र खुला दिसामुक्त पछि खानेपानी सुरक्षित समुदाय (Water Safe Community) विकास गर्दै पूर्ण सरसफाई तर्फ अगाडि बढ्ने नीति लिईनेछ ।
- कुनै पनि समयमा आउन सक्ने विपद्सँग जुध्न सक्ने खानेपानी र सरसफाई संरचना निर्माण गर्नका साथै यसका लागि पूर्व तयारीका लागि आवश्यक क्षमता विकास गर्नका साथै Wash Government सुनिश्चित गर्न वातावरण तयार गरिनेछ ।

घ. <u>लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिः</u>

- गाउँपालिकावाट प्रदान गरिने सामाजिक तथा आर्थिक आवश्यकताहरु महिलाहरुको सम्माजनक सहभागिता सुनिश्चित गर्न लक्षित तथा सिमान्तकृत महिलाहरुको क्षमता अभिवृद्धि र जिवनस्तर सुधारका लागि संरक्षणात्मक सेवा उपलब्ध गराई सशक्तिकरण गरिनेछ ।
- युवाहरुमा सीपमूलक र व्यवसायिक तालिम मार्फत सिर्जनात्मक क्षमताको विकास गरी स्वरोजगार सिर्जना हुने कार्यक्रम ल्याइने छ ।

- महिलाद्धारा सञ्चालित घरेलु उधोग, कृषि फार्म, पशु फार्म, व्यापार र व्यवसायको करमा विशेष छुट तथा अनुदानको व्यवस्था मिलाइने छ ।
- महिला हिंसा तथा बालबालिकाको श्रम सोसन को अन्त्य गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।
- बालश्रम मुक्त यस गाउँलाई बालमैत्री गाउँको रुपमा विकास गर्न पहल गरिने छ ।
- एक दलित बस्ती एक उत्पादन केन्द्र स्थापना गरी दलित समुदायलाई आर्थिक रुपले सबल बनाइने छ ।
- गाउँ क्षेत्र भित्र छुवाछुत,सामाजिक कुरीति,अन्ध बिश्वास तथा सामाजिक, लैंगिक विभेद र हिंसा का घटना न्यूनीकरण का लागि स्थानीय नीति त कार्यक्रम तर्जुमा गरिने छ ।
- बालमैत्री स्थानीय शासनलाई कार्यान्वयन गर्दै अघि बढाईनेछ ।
- बालबालिकाहरु तथा किसोरिहरु ससक्तिकरणका लागि बालश्रम,बाल विवाह, बहुबिवाह दहेज/दाइजो,बोक्सी प्रथा उन्मुलन गरी सामाजिक विकृति न्यूनिकरण गरिने नीति कार्यान्वयन गरिनेछ ।
- युवालाई तालिम दिन उद्यमशिलता विकास केन्द्र स्थापना गरिने छ ।
- महिला, दलित, जनजाति, मधेशी र विपन्न वर्गको सशक्तिकरणका लागि लोकसेवा तयारी कक्षा सञ्चालन गरिने छ ।
- वैदेशिक रोजगारमा जाने स्थानीय तहका नागरिकहरुको रोजगारीलाई सुरक्षित मर्यादित र लाभदायक बनाउन आवश्यक कार्यक्रम तर्जुमा गरिनेछ ।

२. आर्थिक विकाश तर्फ

क. कृषि तथा पशु

- कृषि तथा पशु पालन क्षेत्रको विकासमा कृषक समुह समिति सरकारी गैर सरकारी संस्थाहरुसँग साँझेदारी गर्ने नीति अवलम्बन गरिने छ ।
- गाउँपालिका क्षेत्रका उर्वर भूमिलाइ सिंचित गर्न सिचाँईको लागि आवश्यक व्यवस्था गरिनेछ ।
- गाँउको स्थानीय उत्पादन बजारमा बजारीकरण गरिने छ।
- कृषि उपजमा किटनाशक औषधिको प्रयोगलाई निरुत्साहित गर्दै अर्गानिक उत्पादनमा जोड दिईने कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- जडिबुटिलाइ संरक्षण, सम्बर्द्धनको लागि जडिवुटी खेति तथा सो को बजारीकरण को लागि आधुनिक तरीकाले विशेष कार्यक्रम ल्याइनेछ ।
- अर्गेनिक खेतीलाइ जोड दिइनेछ ।
- यस गाउँपालिकामा संचालित सहकारी संस्थाहरुलाई मुल्य र मान्यताको आधारमा संचालित गर्न तथा नियमन गर्न प्रभावकारी पृष्टपोषण सहितको अनुगमन गरिनेछ ।
- कृषिमा आधारित कृषकहरुलाई परामर्श सेवा लयायतका अन्य सेवा प्रदान गर्न कार्यालयलाई व्यवस्थित एवं सेवाको सक्रियता बढाइने छ ।
- स्थनीय उत्पादन तथा बजारीकरण मा जोड दिने नीति लिइनेछ

## ख. पर्यटन तथा संस्कृति प्रवर्द्धन नीति

- पर्यटकीय तथा संस्कृति प्रवर्द्धनका लागि पोखरी सौन्दर्यकरणको सम्भाब्यता आध्ययन गरिनेछ ।
- यस गाँउपालिका क्षेत्र भित्र रहेका धार्मिक क्षेत्र तथा सांस्कृतिक क्षेत्रहरुको पहिचान गरि तिनीहरुलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।
- गाँउपालिका क्षेत्र भित्र बसोवास गर्ने सम्पुर्ण समुदायहरुको मौलिक परम्परा र भाषा संस्कृतिको जगेर्ना गर्न विशेष कार्यक्रमहरु लागु गरिनेछ ।
- धार्मिक सांस्कृतिक तथा ऐतिहासीक रुपमा महत्वपूर्ण मठ मन्दिर आदीको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गरिनेछ ।
- मैथिली रितीरिवाज झल्कीने सास्कृतिक कार्यक्रमहरु, फागुन पुर्णिमा होली, दाहा मेला (मोहर्रम), झिझिया नाच, जट जटनी नाच, डोम कक्ष नाच, मिथिला चित्रकला लागायतका स्थानीय लोक सांस्कृतीको संरक्षण र सम्बर्द्धनको निम्ती सार्वजनिक र निजी साझेदारीमा कार्यक्रमहरु संचालन गरिनेछ ।

## ग. उद्योग तथा वाणिज्य नीतिः

- यस गाउपालिका क्षेत्रमा सञ्चालन हुने सम्पुर्ण उद्योग तथा व्यवसायीहरुलाई करको दायरा भित्र ल्याउन विशेष अभियान सञ्चालन गरिनेछ ।
- परम्परागत तथा सांस्कृतिक रुपमा स्थानीय जनतामा रहेका कलालाई घरेलु तथा लघु उद्यमको माध्यमबाट प्रवर्द्धन गरी आय आर्जनको स्रोतको रुपमा विकास गरिनेछ ।
- आर्थिक रुपमा पछि परेका दलित तथा विपन्न समुदायका युवा-युवती, सबै जातजातीका महिलाहरुलाई लघु उद्यमशिलता सम्बन्धि तालिम प्रदान गरि स्वरोजगारीमा टेवा पुऱ्याइनेछ
- यस गाँउपालिका भित्र संचालन हुने मझौला तथा ठुला उद्योगहरुमा कम्तीमा ७० प्रतिशत कर्मचारीहरु गाँउक्षेत्र भित्रकै राखी स्थापना तथा संचालन हुने उद्योगहरुलाई स्थापना भएको ३ ( तीन) वर्ष सम्मं २५ प्रतिशत व्यवसायिक कर छुट दिइनेछ ।
- गाँउपालिका क्षेत्रमा संचालित उद्योग एवं ब्यवसायहरु स्थापनाको उदेश्य अनुरुप संचालन भए नभएको सम्बन्धमा नियमित अनुगमन गरिनेछ ।

## घ. सहकारी नीतिः

- सहकारी क्षेत्रलाई आर्थिक विकासको महत्वपुर्ण खम्बाको रुपमा विकास गर्न समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त तथा सुशासित संगठनको रुपमा प्रवर्द्धन गरिनेछ ।
- कृषि, उद्योग र व्यवसायको सहकारीकरणको माध्यमबाट आत्मनिर्भर र दिगो रुपमा स्थानीय अर्थतन्त्रको निर्माण गरिनेछ ।
- स्थानीय सहकारी संस्थाहरुको दर्ता, नविकरण तथा व्यवस्थापन पारदर्शी तथा अनुमान योग्य बनाउदै नियमनकारी भुमिका निर्वाह गरिनेछ ।
- हालसम्म सहकारी संस्था स्थापना र सञ्चालन नभएका वडाहरुमा कम्तीमा एक(१) वटा सहकारी संस्था स्थापना गर्न पहल गरिनेछ ।

## ङ. राजश्व परिचालन नीति

- करको दायरा बढाई करको दर घटाउने छ ।

- कर तिर्न सबै करदातालाई प्रेरित गरिनेछ ।
- एक जना उत्कृष्ट करदातालाई सम्मान गरिनेछ ।
- कर तथा राजस्व प्रशासन लाई चुस्त, दुरुस्त बनाउन software प्रणाली अनिवार्य रुपमा लागु गरिनेछ ।
- अधिक्तम जनतालाई सो स्फूर्ततरुपमा करको दायरा भित्र ल्याउन उपयूत्त वातावरण श्रृजना गरी आवश्यक पहल गरिनेछ ।
- समयमा र सबभन्दा बढी राजस्व तिर्ने एकजना कर्मचारी लाई उत्कृस्ट घोषणा गरि पुरस्कृत गरिने व्यवस्था मिलाईनेछ ।

च. आन्तरिक नियन्त्रण तथा लेखापरिक्षण नीतिः

- कानूनी रुपमा गर्नुपर्ने अन्तिम लेखा परिक्षण समयमै गर्ने व्यवस्था मिलाउने र साविकको गा.वि.स. तथा हालको गाउँ पालिकाको पेश्की तथा बेरुजु कडाईका साथ फछ्यौट गर्न आवश्यक पहल गरिनेछ ।
- चौमसिक रुपमा आन्तरिक लेखा परिक्षणको व्यवस्था गरि सार्बजनिक गरिनेछ ।

३. पुर्वाधार विकास नीतिः

## क. सडक तथा पूल

- अगामी आ.व.मा गाउँपालिकाको प्रशासकीय भवन सम्पन्न गरिने छ ।
- गाँउको विभिन्न वडाहरुमा रहेको मुल बाटोहरु स्तरोन्नती गर्ने नीति लिइनेछ । गाँउको भित्री बाटोहरुलाइ आवश्यकता अनुसार फराकिलो बनाइ मुल बाटोसम्म जोड्ने ग्राभेल तथा पिसिसि,rcc ढलान जस्ता कार्य गर्ने नीति अवलम्बन गरिनेछ ।
- गाँउपालिकाको एकिकृत विकासका लागि यातायात गुरु योजना तयार गरि सोहि अनुरुप कार्य गरिनेछ ।
- गाँउपालिका क्षेत्रको समग्र पुर्वाधार विकासका लागि चालू आ.व. मै यातायात गुरु योजना तयार गर्ने तथा एकिकृत ग्रामिण विकास योजना लागु गरिनेछ ।
- माटो, ग्राभेल तथा टुके योजनालाई निरुत्साहन गर्ने नीति लिइने छ ।
- गाउँपालिका क्षेत्रको सडक तथा स साना पुलहरुको निर्माण गर्ने नीतिहरु अंगिकार गर्नेछ ।
- गाउँपालिकाका विभिन्न वडाहरुबाट गाँउपालिका केन्द्र जोड्ने सडकहरुको स्तरोन्नती गरिने छ ।
- सडकहरुको नियमित मर्मत संभार तथा निर्मित पूर्वाधार मर्मतका लागि एक मर्मत संभार कोष खडा गरी नियमित रुपमा मर्मत गरिने नीति लिईनेछ ।
- गाउँपालिकामा रहेको खाली मैदानमा एक गाउँपालिका स्तरीय रंगशाला निर्माण गर्न अध्ययन गरिनेछ ।
- गा.पा.क्षेत्र भित्रका संरचना, जग्गा, जमिन, गा.पा.का अधिनमा आउन सक्ने सम्भावित सम्पति खोजविन नापजाँच आदि कार्यको लागि प्राविधिकको व्यवस्था गरिनेछ ।
- सामुहिक भुमिसुधार जल योजना बनाई कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।
- साना तथा मझौला सिंचाईको सम्भाव्यता अध्ययन गरिनेछ ।

## ख. भवन तथा शहरी विकास नीतिः

- भवन निर्माण गर्दा यस गाउँपालिकाबाट स्वीकृत कार्यविधि तथा नेपाल सरकारले तोकेका मापदण्डहरु पालना गर्ने नीति अंगिकार गरिनेछ ।
- घरनक्सा स्वीकृत नगरी घर निर्माण गर्ने प्रवृतिको अन्त्यका लागि दण्ड जरिवानाको व्यवस्था गरिनेछ ।
- ड्रेन, फुटपाथ तथा वृक्षारोपण सहितको सडक निर्माणलाई प्रोत्साहन गरिनेछ ।
- गाँउपालिकाका विभिन्न स्थानहरुमा RECREATION PARK, CHILDREN PARK आदि प्राथमिकताको आधारमा अध्ययन शुरु गरिनेछ ।
- प्लटिङ्गलाई व्यवस्थित गर्न तोकिए बमोजिमको मापदण्ड अनुसार नाला, विद्युत, खल्ला स्थान आदिको व्यवस्था सहित गाउँपालिकामा दर्ता हुने व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको क्षेत्रभित्र रहेका सरकारी निजी तथा ऐलानी जग्गाहरु, पोखरी लगायतका सम्पत्तिहरु, सुकुम्बासी तथा अव्यवस्थित बसोबास क्षेत्रहरुको लगत संकलन गरिनेछ ।
- गाउँपालिका भित्र हुने विकास निर्माणका योजनाहरुको आवश्यकताअनुसार DPR गरी विकास निर्माणका कार्यहरु अगाडि बढाइनेछ ।

## ४. वातावरण, वन तथा विपत व्यवस्थापन नीतिः

## क वन तथा भु-संरक्षण नीतिः

- वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धि मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र नदी किनार, नहर किनार तथा सडक किनारमा वृक्षारोपण गरिनेछ ।
- नीजि तथा सार्वजनिक जग्गाहरुमा औषधी गुणयुक्त वनस्पतिहरु, जडिबुटिहरु तथा दुर्लभ एवमं लोपोन्मुख विरुवाहरु रोप्ने तथा संरक्षण गरिनेछ ।
- गाउँपालिका क्षेत्रमा रहेका ताल तलैया तथा पोखरिहरुको लगत संकलन गरी तिनमा भएका जैविक विविधताको संरक्षण र व्यबस्थापन गर्दै तीनिहरुलाई पर्यटकिय क्षेत्रको रुपमा विकास गर्दै लगिनेछ ।
- नदि क्षेत्रहरुको संरक्षण गर्न नदि किनारको अतिक्रमण रोक्न र नदी नियन्त्रण गर्न आवश्यक पहल गरिनेछ ।
- यस गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजनिक सरकारी सम्पतीलाई केन्द्र तथा प्रदेश सरकारसंग समन्वय गरी गाउँपालिकाको मातहतमा ल्याउन पहल गरिनेछ ।

## ख. वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धि नीतिः

- विकास कार्यक्रमहरु संचालन गर्दा वातावरण मैत्रि र जलवायु परिवर्तनसँग अनुकुलित हुने गरि-संचालन गरिनेछ ।
- प्लाष्टिक झोला नियन्त्रण गर्दै कागज तथा कपडा जन्य झोलालाई प्रोत्साहान गरी क्रमिक रुपमा यस गा. पा लाई प्लाष्टिक मुक्त गा.पा.घोषणाको लागि पहल गरिनेछ ।
- जैविक बिषादीको खोजी तथा प्रवर्द्धन गर्दै स्वास्थ्यमा प्रतिकुल असर गर्ने रासायनिक विषादी माथी प्रतिबन्द लगाईनेछ ।

- ठुला ठुला आयोजनाहरु संचालन गर्दा EIA /IEE गरिनेछ ।

ग. फोहोरमैला व्यवस्थापन नीतिः

- गाउँक्षेत्रका फोहोरको नियमित रुपमा सरसफाई गरिनेछ ।
- फोहोर-व्यवस्थापनका लागि ल्याण्ड फिल्ड साईड खोजि गरिनेछ ।
- फोहर व्यवस्थापनका सम्बन्धमा वडा समितिहरु मार्फत जनचेतना कार्यक्रम संचालन गरिनेछ
- गाउँक्षेत्रको फोहोर व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराई फोहोर व्यवस्थापनमा सार्वजनिक-निजी साझेदारी नीति अबलम्बन गरिनेछ ।
- सरसफाई कार्य नियमित व्यवस्थित गर्न सरसफाई कर्मचारीको व्यवस्था गरिनेछ ।

घ. विपत जोखिम न्यूनीकरण तथा व्यवस्थापन नीतिः

- covid-19, भुकम्प, अतिवृष्टि, बाढी, हावाहुरी, चट्टयाङ्ग, आगलागी, खडेरी, महामारी, शीतलहर तथा हैजा,वर्डफ्ल्यु, डेंगु, जस्ता महामारी बाट उत्पन्न हुन सक्ने जोखिम न्यूनिकरण गर्न विपद व्यवस्थापन पुर्व तयारी योजना र विपत प्रतिकार्य योजना तयार गरि कार्यान्वयन गरिनेछ ।
- विपत प्रतिकार्यको समयमा संलग्न सरकारी निकाय, गैरसरकारी संस्था तथा नागरिक बिच अन्तर सम्बन्ध कायम गरी पिडितको पहिचान, पिडितलाई तत्काल राहत तथा पुनःस्थापना सम्बन्धि कार्यमा एकरुपता ल्याई दोहोरोपन सृजना हुनं रोक लगाइनेछ ।
- स्थानीय/समुदाय स्तर सम्म विपत पुर्व तयारी तथा प्रतिकार्य क्षमता विकास गर्न जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- विपदको समयमा राहत प्रदान गर्न एवमं तत्काल बाटो, पैनी, आदि मर्मत गरि क्षति न्युनिकरण गर्न एक विपद व्यवस्थापन कोष खडा र परिचालन सम्वन्धि निर्देशिका तयार गरिनेछ
- बिपदपूर्व तयारी तथा प्रतिकार्य योजना निमाणपूर्वाधार निर्माणका विपद् जोखिम न्यूनीकरणलाई समावेश गरी कार्यान्वयन गरिनेछ
- खोज तथा उध्दार गर्न सक्ने, अग्नी नियन्त्रण गर्न सक्ने, प्राथमिक उपचार गर्न सक्ने, मनोसामाजिक परामर्श दिन सक्ने दक्षजनशक्ति तयार गरिनेछ ।
- विपद व्यवस्थापन कोष खडा गर्ने र कोषको परिचालन सम्वन्धि कार्यविधि बमोजिम कार्य गरिनेछ ।

५. <u>संस्थागत विकास, सुशासन र सेवा प्रवाहः</u>

क. <u>वित्तिय व्यवस्थापन</u>

- गाउँपालिका तथा विषयगत कार्यालयको आम्दानी र खर्चको लेखाङ्कन software मार्फत गरिनेछ ।
- सार्वजानिक खरिद गर्दा पारदर्शी एवमं मितव्ययी ढङ्गले गरिनेछ।
- खर्चको नियमित रुपमा सर्वजनिकीकरण गर्ने तथा गाउँपालिकाको वेवसाईट मार्फत सार्वजनिकीकरण गरिनेछ ।
- उपभोक्ता समितिहरु मार्फत संचालित योजनाहरुको नियमित अनुगमन, खर्च सार्वजनिककरण तथा सार्वजनिक सुनुवाई गर्ने व्यवस्थालाई कडाईका साथ लागु गरिनेछ ।
- वित्तिय तथा भौतिक प्रगति सहितको प्रतिवेदन नियमित रुपमा तयार गरी सार्वजनिकीकरण गरिनेछ ।

## ख. न्याय सम्पादन नीतिः

- नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रहि निष्पक्ष, छिटो, छरितो, सुलभ, प्रभावकारी तथा जनउत्तत्तरदायी न्याय प्रणाली स्थापित गरिनेछ ।
- स्थानीय स्तरमा उत्पन्न हुने विवादलाई मेलमिलापको माध्यमबाट समाधान गर्न प्रत्येक वडामा भएको मेलमिलाप समिति लाई सक्रिय बनाईनेछ ।
- स्थानीय सामुदायिक मेलमिलाप केन्द्रका सदस्यलाई, समितिको सदस्यलाई न्यायिक समितिले मेलमिलाप कर्ताको रुपमा सुचीकृत गरी निजहरुलाई मध्यस्थता तथा मेलमिलाप सम्बन्धि अभिमुखीकरण/तालिम प्रदान गर्ने ।
- गाउँपालिका तथा न्यायीक समितिलाई कानुनी सल्लाह प्रदान तथा गाँउपालिका क्षेत्र भित्रका असहाय, विपन्न तथा हिंसा पिडित व्यक्तिहरुको कानूनी उपचारमा समन्वय गर्न कानूनी सल्लाहकार राख्न सकिने छ।

## ग. सुचना तथा सञ्चार व्यवस्थापन नीतिः

- नागरिकको सुचनाको हकको उच्च सम्मान गर्दै सुचनाको हक सम्बन्धि ऐनले निर्दिष्ट गरे बमोजिमका सुचनाहरु प्रकाशन तथा नागरिकले मागेको सूचना नियम अनुसार प्रदान गरिने छ ।
- गाउँपालिकाको वेवसाईट लाई रिडिजाईन गरि एक्ट्रेक्टिभ बनाईनेछ, फेसबुक, ट्वीटर जस्ता सामाजिक सञ्जालको समेत प्रयोग गरि सुचना सम्प्रेषण गरिनेछ ।
- छिटो, छरितो र प्रभावकारी सञ्चारका लागि गाँउपालिकाका पदाधिकारीहरु तथा कर्मचारीहरुलाई एस.एम.एस. मार्फत सुचना प्रवाह गर्ने; सबै पदाधिकारी एवम् कर्मचारीहरुलाई प्रविधिमैत्री बनाउन आवश्यकतानुसार तालिम दिने तथा इमेल खोली सबै पत्राचारहरु इमेल मार्फत गर्ने व्यवस्था गरिनेछ ।
- सूचना सूचित तथा व्यवस्थित गर्न नागरिक वडा पत्र र डिजिटल डिस्प्ले बोर्डको व्यवस्थालाई निरन्तरता दिईनेछ ।

## घ. सार्वजनिक सेवा तथा संगठन

- पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धिका लागि विभिन्न तालिम तथा अभिमुखीकरण कार्यक्रमहरु संचालन गरिनेछ ।
- सेवा प्रवाहलाई प्रभावकारी बनाइ सबै गाउँबासीलाई सहज सरल ढंगबाट सेवा दिन गाउँ कार्यपालिकाको कार्यालय, सबै वडा कार्यालयहरु तथा विषयगत कार्यालयहरुमा सेवा प्रवाह सम्बन्धी स्पष्ट जानकारी सहितको नागरिक वडापत्र राख्ने तथा first come first service, last come first service सिद्धान्त का आधारमा सेवा प्रदान गरिनेछ ।
- गाँउपालिकाका वडा कार्यालय लगायत विभिन्न निकायहरुमा ई-हाजिरी प्रणालीलाई निरन्तरता दिइनेछ ।
- सेवा प्रवाह तथा कार्य सम्पादनमा गुणात्मक सुधार गर्न विधुतिय शासन प्रणाली लाई क्रमश लागू गर्दै जाने । यसै वर्ष वडा कार्यालयहरुमा cctv, back up तथा Internet सेवा जडान गरी गाउँपालिका केन्द्रसँग networking गरिन्छ ।

- दक्ष इमान्दार तथा अनुशासित कर्मचारीलाई पुरस्कृत गर्ने निति अवलम्बन गरी प्रत्येक वर्ष उत्कृष्ट कर्मचारी लाई प्रोत्साहन तथा सम्मान स्वरूप रकम रु.१० हजार नगद पुरस्कार प्रदान गर्नेछ ।
- कर्मचारी कल्याण कोषमा वार्षिक ५ लाख रकम जम्मा गर्नेछ ।
- गाउँपालिकाको सेवा प्रवाह, अनुगमन, मुल्याङ्कन तथा समन्वयात्मक कार्यमा सहयोग गर्न आवश्यकता अनुसार चार पांग्रे तथा दुई पांग्रे सवारी साधनहरु व्यवस्थापन गरिनेछ।
- पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धि तथा ज्ञान, सिप, र व्यवहारमा परिवर्तनका लागि वर्षमा कम्तिमा १ पटक अवलोकन भ्रमण कार्यक्रम गर्नेछ ।
- दरवन्दी भन्दा बाहिर वा फाजिल दरबन्दीमा रहेको कर्मचारीलाई सरुवा वा विदाई गरी व्यवस्थापन गरिनेछ ।
- वार्षिक कार्य योजना तयार गरि सोहि बमोजिम कार्यन्वयन गरिनेछ ।
- गाउँपालिकाका विभिन्न शाखामा कार्यरत कर्मचारीहरुलाई जिम्मेवार तुल्याउन आर्थिक वर्षको पहिलो महिनामा शाखाको कर्मचारी, शाखा प्रमुख सँग शाखा प्रमुख, प्रमुख प्रशासकीय अधिकृत सँग र सम्पूर्ण कर्मचारी सामुहिक रुपमा प्र.प्र.अ. संग र प्र.प्र.अ गा.पा.अध्यक्ष सँग कार्य सम्पादन सम्झौता गरिनेछ ।
- शाखागत कार्य विवरण तथा कार्य विशिष्टिकरण तयार गरी कार्यान्वयन गरिनेछ ।
- कर्मचारीहरु कार्य सम्पादनका लागि सूचक सहितका मापदण्ड बनाइने छ । र सोही मापदण्ड बमोजिम प्राप्त अंको आधारमा सेवा सुविधा एवं दण्ड पुरस्कारको व्यस्था गरिनेछ ।
- कर्मचारीका मनोवल उच्च राख्न एवं नतिजामुखी बनाउनको साथै सुशासन मापन गर्न कार्य सम्पादनमा उत्कृष्ट अंक प्राप्त गर्ने सम्पूर्ण कर्मचारीहरुलाई न्यूनतम ५% देखि अधिकतम मासिक २०% सम्म का प्रोत्साहन भत्ता चौमासिक रुपमा उपलब्ध गराइने छ ।
- प्रोत्साहन भत्ता तथा कुनै पनि थप सेवा सुविधाका लागि तोकिएको समय भन्दा बढी कार्य गरेको ई-हाजिरिको रेकर्डका आधारमा भएको र यस गाउँपालिकाको कार्मचारीको कार्य जिम्मेवारीको बहन, कार्य बोझ, कार्य सम्पादन तथा उत्तरदायित्व निर्वाह समेटी बनाईएको मापदण्डमा परेको हुनु पर्नेछ।

उपस्थित सभा सदस्यज्युहरु,

अब म बजेट वक्तव्यको प्रस्तुत गर्न चाहन्छु ।

आ.व.२०७८/०७९ को नीति कार्यक्रम यस गाउँपालिकाको लागि एउटा दिर्घकालिन नीति पनि हो । यो स्थानीय तहको लागि इतिहास हुनेछ । यसले पुस्तौ-पुस्तालाई मार्गदर्शन दिई रहनेछ ।

यस कारण यस अर्नमा गाउँपालिकाको लक्ष्य हासिल गर्न जनताको आशा विश्वासलाई जोगाउन गाउँपालिकाको समग्र विकास गर्न तथा "सामाजिक आर्थिक रुपान्तरण र सुशासनको अभियानमा, स्वस्थ, उत्पादनशील दिगो विकासमा अग्रसर हाम्रो अर्नमा" नारा सकार पार्न क्षेत्रगत, विषयगत, वडागत योजनाहरु नीति तथा कार्यक्रम अनुरुप हुन जरुरी छ ।

मध्याकालिन खर्च संरचना तथा प्रस्तुत गरिएको प्राथमिकता तथा उपलब्धिका आधारमा आ.व.२०७८/०७९ मा तपसिल बमोजिम आय-व्यय तथा सीमा निर्धारण गरि अनुसूची-१ बमोजिम बजेट विनियोजन गरेको छु ।

अर्नमा गाउँपालिकाको कार्यालय
अर्नमा सिरहा

अनुसूची- १

आ. व. २०७८/७९

रु हजारमा

| शिर्षक | आ. व. २०७६/७७ को यथार्थ | आ. व. २०७७/७८ को संशोधित अनुमान | आ. व. २०७८/७९ को अनुमान |
|---|---|---|---|
| आय | २७२८८७ | ३४२४३० | ३१६७९६ |
| राजस्व | ४१७१७ | ७०००० | ६२४९६ |
| आन्तरिक श्रोत | १४३२ | ५००० | ६००० |
| सम्पती बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | | ३० | ६५ |
| एकीकृत सम्पती कर | | १९३ | २२५ |
| भुमीकर/ मालपोत | | ८२१ | ९५० |
| घर बहाल कर | | ४० | १५० |
| बहाल विटौरी कर | | १२० | १५० |
| सवारी साधन कर साना सवारी | | ६० | ५० |
| अन्य मनोरञ्जन कर | | १० | १२ |
| अन्य कर | १४३२ | ३१६४ | ३५०० |
| न्यायिक दस्तुर | | १२ | १८ |
| शिक्षा क्षेत्रको आम्दानी | | ६० | ७५ |
| परीक्षा शुल्क | ० | ३० | ५५ |
| अन्य प्रशासनिक सेवा शुल्क | | १०० | १६० |
| नक्सा पास दस्तुर | | ५० | ७५ |
| सिफारिस दस्तुर | ० | ५० | ७० |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ० | ५० | २०० |
| नाता प्रमाणित दस्तुर | | ५० | ८० |
| व्यवसायिक रेजिष्ट्रेशन दस्तुर | ० | १० | २० |
| न्यायिक दण्ड जरिवाना र जफत | ० | ९० | १०५ |

| | | | |
|---|---|---|---|
| प्रशासनिक दण्ड जरिवाना र जफत | | १० | २५ |
| बीमा दाबी प्राप्ती | | १० | १५ |
| राजस्व बाँडफाडबाट प्राप्त रकम | ४०२८५ | ६५००० | ६२४९६ |
| बाँडफाँडबाट प्राप्त हुने मुल्य अभिवृद्धि कर | | ६२०२९ | ३१२४८ |
| बाँडफाँडबाट प्राप्त हुने अन्त शुल्क | ४०२८५ | ० | ३१२४८ |
| बाडफाडबाट प्राप्त हुने सवारी साधन कर | | २९४० | ० |
| अन्य आय | | ३० | ० |
| चालु हस्तान्तरण | | ३० | ० |
| अन्य सरकारी वित्तिय हस्तान्तरण | २३११७० | २७२४३० | २५४३०० |
| संघीय सरकार | २१४२२३ | २५२४७८ | २५४३०० |
| समानिकरण अनुदान | ८८००० | ९१९०० | ९५७०० |
| सशर्त अनुदान चालु | १०२९२३ | १३८८७८ | १२०४०० |
| विशेष अनुदान | १०००० | ५००० | ० |
| विशेष अनुदान पुजीगत | | ० | १०००० |
| समपुरक अनुदान चालु | १३३०० | १६७०० | ० |
| समपुरक अनुदान पुजीगत | | | १३९०० |
| प्रदेश सरकार | | | २३७८६ |
| समानिकरण अनुदान | | | ६२८६ |
| सशर्त अनुदान चालु | | | ८००० |
| समपुरक अनुदान | | | २००० |
| विशेष अनुदान | | | ३००० |
| प्रदेश सरकार राजश्व बाँडफाँड | | | ४५०० |
| गत वर्षको बाँकी मौज्दात | | | ६५००० |
| जम्मा आय रकम | | | ४११५८२ |

व्यय तर्फ आव २०७८/७९

| | | | |
|---|---|---|---|
| चालु खर्च तर्फ | ७५७७२ | २०९२३६ | २१३३९६ |
| पुँजीगत खर्च तर्फ | ९४४५९ | २३२९१० | १९८१८६ |
| जम्मा व्यय रकम | १७०२३१ | ४४२१४६ | ४११५८२ |

उपस्थित सभा सदस्यज्युहरु :

गाउँपालिकाको सन्तुलित,व्यवस्थित एवं समावेशी र दिगो विकास हाम्रो चाहाना हो र साध्य पनि हो । कुनै एक क्षेत्रको मात्र विकासले गाउँपालिकाको समग्र विकास हुन सक्दैन भन्ने धारणालाई आत्मसात गर्दै योजना तर्जुमा गर्दा माथीका सवै पक्षहरुलाई विशेष ध्यान दिईएको छ । जसबाट समग्र गाउँपालिकाको सर्वाङ्गिण विकासमा महत्वपूर्ण योगदान दिनेछ भन्ने कुरामा म विश्वस्त छु । योजना तर्जुमा गर्न र यस उद्देश्य प्राप्त गर्न प्रभावकारी र वैधानिक कार्यान्वयन अति महत्वपूर्ण हुन्छ तसर्थ यस दिशामा यहाँहरुको रचनात्मक, सृजनात्मक ठोस सहयोग रहने कुरामा म आशावादी छु ।

अन्त्यमा यहाँहरु सवैलाइ विशेष धन्यवाद दिदै विदा हुन्छु ।

धन्यवाद, नमस्कार

श्री ठकु महतो कोइरी
**गा.पा. अध्यक्ष**
अर्नमा गाँउपालिका, अर्नमा सिरहा
२०७८ साल असार १० गते विहिबार ।